# मदन भण्डारी स्वास्थ्य बिज्ञान प्रतिष्ठान

## बागमती प्रदेश, हेटौडा

मदन भण्डारी स्वास्थ्य बिज्ञान प्रतिष्ठान, हेटौडाका लागि आवश्यक सुरक्षा गार्ड सेवा खरिद सम्बन्धि शिलबन्दी प्रस्ताव फारम

आ.व. २०७९/०८०

शिलबन्दी प्रस्ताव न.MBAHS/2079/080-001

जारी गर्ने कार्यालय : मदन भण्डारी स्वास्थ्य बिज्ञान प्रतिष्ठान , हेटौडा

जारी मिति: २०७९/०३/१०

शिलबन्दी प्रस्ताव पेश गर्ने: योग्य प्रस्तावदाताहरु

# मदन भण्डारी स्वास्थ्य बिज्ञान प्रतिष्ठान
## बागमती प्रदेश, हेटौडा

**सुरक्षा गार्ड , कार्यालय सहयोगी, माली सेवा करारमा लिने शिलबन्दी प्रस्ताब आह्वान सम्बन्धि सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति २०७९.०३.१०**

१. यस प्रतिष्ठानको केन्द्रिय कार्यालय, नलेज भिलेज, रिसर्च सेन्टर, गौरिटार तथा अस्पतालका लागि तपशिलमा उल्लेख भए बमोजिमका जनशक्तिहरु सेवा करार बाट लिनुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक फर्म/संस्था/कम्पनीहरु बाट यो शिलबन्दी प्राबिधिक र आर्थिक प्रस्ताब आह्वान गरिएको छ।

| सि.नं. | पद | संख्या | योग्यता र अनुभव | कैफियत |
|---|---|---|---|---|
| **प्याकेज A** | | | | |
| १ | **माली** | ४ (चार) | साधारण लेखपढ गर्नसक्ने | |
| २ | **स्वीपर (हेल्पर)** | **४८ (अड्चालिस)** | साधारण लेखपढ गर्नसक्ने | |
| **प्याकेज B** | | | | |
| १ | **सेक्युरिटी गार्ड** | ३७ **(सइतिस)** | साधारण लेखपढ गर्नसक्ने<br>सेक्युरिटी तालिम प्राप्त | |

२. प्रस्ताब दर्ता गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको भोलि पल्ट कार्यालय खोलेको दिन प्रस्ताब दर्ता गर्ने र प्रस्ताब खोलिने छ।

३. प्रस्ताबदाताले सुरक्षा सेवा सम्बन्धि कार्यमा भाग लिन अयोग्य नभएको तथा कुनै स्वार्थ नबाझिएको, व्यवसाय सम्बन्धि कसुरमा हाल सम्म कुनै सजाय नपाएको लिखित घोषणा अनिवार्य रुपमा पेश गर्नु पर्ने छ।

४. शिलबन्दी प्रस्ताब खरिदका लागि फर्म दर्ताको प्रतिलिपि, जनशक्ति सप्लाई गर्ने ईजाजतपत्रको प्रतिलिपी, दर्ता नविकरणको प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्र तथा स्थायि लेखा नम्बर खुल्ने कागजात र तपशिल बमोजिम बैंकमा दस्तुर जम्मा गरि यस प्रतिष्ठानको केन्द्रिय कार्यालयको दर्ता शाखामा सक्कल भौचर पेश गरि खरिद गर्नु पर्ने छ।

बैंकको नाम: सानिमा बैंक लि., हेटौडा शाखा

खातावालाको नाम: मदन भण्डारी स्वास्थ्य बिज्ञान प्रतिष्ठान

खाता नम्बर: ०२५०१००१०००१५४४

यस सुचनामा उल्लेख हुन छुट भएका कुराहरु मदन भण्डारी स्वास्थ्य बिज्ञान प्रतिष्ठान (आर्थिक प्रशासन) नियमावली, २०७७ तथा प्रचलित कानुन अनुसार हुने छ।

५. प्रस्तावमा उल्लेखित प्रस्तावका शर्त अनुसार योग्यता पुगेका सफल फर्म/संस्था/कम्पनीहरु बाट मात्र सेवा लिइने छ। रित नपुगी र म्याद नाघी आएका प्रस्ताब उपर कुनै कारवाही गर्ने छैन।

६. दर्ता भएका प्रस्ताबहरु मिति २०७९.०३.२५ गते दिनको १४:०० बजे खोलिने छ। स्थान : मदन भण्डारी स्वास्थ्य बिज्ञान प्रतिष्ठान, केन्द्रिय कार्यालय, टि सि ए न रोड, हेटौडा

| प्रस्ताब न. | प्रस्ताब पेश गर्ने माध्यम | विवरण | प्रस्ताब पेश गर्ने अन्तिम मिति | प्रस्ताब फारम दस्तुर | प्रस्ताब जमानत |
|---|---|---|---|---|---|
| MBAHS/2079/080-001 | शिलबन्दी प्रस्ताब (हार्ड कपि बुझाउने) | सुरक्षा, माली, कार्यालय सहयोगी सेवा | २०७९.०३.२५ गते १२ बजे सम्म | रु.५०००/- | रु.७,५०,०००/- |

७. प्रस्ताब जमानतको मान्य अवधि कम्तिमा ९० दिनको हुनु पर्ने छ।

८. करार अवधि २०८० असर मसान्त सम्म मात्र रहने छ।

९. कुनै वा सबै प्रस्ताब, पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा अस्विकार गर्ने सम्पूर्ण अधिकार प्रतिष्ठानमा निहित रहने छ। कुनै विवाद उत्पन्न भएमा प्रतिष्ठानको निर्णय अन्तिम र मान्य हुनेछ।

१०. श्रम ऐन तथा नियमावली बमोजिम कार्यालयले तोकेको श्रमिकले पाउने सेवा सुबिधा सहितको न्युनतम माशिक पारिश्रमिक भन्दा कम कबोल गरेमा वा कार्यालयले तोकेको अधिकतम लागत अनुमान (बार्षिक ) भन्दा बढी कबोल गरेमा बोलपत्रदाताको बोलपत्र स्वत रद्ध हुने छ।

११. शिलबन्दी प्रस्ताब सम्बन्धि थप जानकरिको लागि यस प्रतिष्ठानको दर्ता शाखामा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ। शिलबन्दी प्रस्ताब प्रतिष्ठानको वेवसाईट www.mbahs.edu.np बाट डाउनलोड गरि प्राप्त गर्न सकिनेछ।

# प्राविधिक तथा आर्थिक प्रस्तावना

१. कम्पनीको नवीकरण गरेको फर्म दर्ता प्रमाणपत्र, जनशक्ति सप्लाई गर्ने इजाजतपत्र, व्यवसाय दर्ता प्रमाणपत्र ,मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.२०७७/७८ को कर चुक्ता प्रमाणपत्रको प्रमाणीत प्रतिलिपि प्रस्तावसाथ पेस गर्नु पर्नेछ। उपयुक्त उल्लेखित कागजातहरु पेस नगरेका प्रस्ताव उपर कुनै कारवाही हुने छैन।

२. प्रस्ताव पेश गर्दा लाग्ने सम्पूर्ण खर्च प्रस्तावक आफैले ब्यहोर्नु पर्नेछ।

३. नेपाल सरकारको नियमानुसार लाग्ने आयकर, रिटेंसन तथा अन्य प्रचलित करहरु बिलबाट कडाई भुक्तानी दिईने छ । मूल्य अभिबृद्धि कर सम्बन्धमा प्रचलित नियम अनुसार हुनेछ । भुक्तानी एकाउन्ट पेयी चेक बाट मात्र गरिने छ ।

४. प्राप्त हुन आएका प्रस्ताव पूर्ण रुपमा स्वीकार गर्ने, आंशिक रुपमा स्वीकार गर्ने अथवा पूर्णरुपमा रद्ध गर्ने सम्पूर्ण अधिकार यस प्रतिष्ठानलाई रहनेछ।

५. प्रस्तावकले आफुले पेश गरेको प्रस्तावको सिलवन्दी खाम बाहिर **सेवा करार सम्वन्धि प्रस्ताव** भनी उल्लेख गर्नुपर्नेछ र प्राबिधिक एवम आर्थिक प्रस्ताब छुट्टा छुटै खाम बन्दी गरि एउटै खाममा राखी पेश गर्नु पर्नेछ ।साथै, उक्त सिलबन्दि खाम बाहिर स्पष्ट रुपमा प्रस्तावदाताले आफ्नो नाम र ठेगाना समेत उल्लेख गरि पेश गर्नुपर्ने छ।

६. प्रस्ताव रितपूर्वक भरी प्रस्तावकले प्रस्ताव फारमको प्रत्येक पानाहरुमा नमेटिने मसिले सही गरि फर्म वा कम्पनीको छाप समेत लगाई प्रस्ताब पेश गर्न तोकिएको अन्तिम दिन भित्र यस कार्यालयमा सिलबन्दि गरि दर्ता गराई सक्नुपर्नेछ।

७. दर्ता भएको प्रस्ताव मिति २०७९.०३.२५ गते दिउँसो १४:०० बजे प्रस्तावकको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। प्रस्तावक वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन।

८. केरमेट गरिएका स्थानमा प्रस्तावकले हस्ताक्षर गरी छाप समेत लगाउनु पर्नेछ। अन्यथा त्यस्तो प्रस्ताव अस्वीकृत गरिने छ।

९. प्रस्ताव स्वीकृत भएको सूचना प्राप्त भएको मितिले ७ (सात) दिन भित्र प्रस्तावकले सम्झौता गर्न आउनु पर्नेछ।यसरी म्याद भित्र सम्झौता गर्न नआएमा दोश्रो वरियताको फर्मलाइ सम्झौताको लागि सूचित गरिनेछ।

१०. प्रस्तावक श्रमिक आपूर्तिकर्ता कम्पनीले श्रमिकहरुले प्रचलित कानुन बमोजिम पाउन पर्ने मासिक पारिश्रमिकको रकम तथा श्रम ऐन नियमावली श्रम र २०७४-२०७५ ले तोकिदिएका अन्य सेवा सुविधाहरु समेत श्रमिकलाई उपलब्ध गराउन सक्ने गरी प्रस्ताब प्रस्तुत गर्नु पर्नेछ । यो व्यवस्थाका विपरीत प्रस्तुत भएका बोलपत्रहरु स्वतः अस्विकृत हुनेछन् ।

११. प्रस्तावसाथ संलग्न सर्तमा उल्लेख भएका कुराहरुको हकमा उल्लेख भए बमोजिम हुने र यसमा नपरेका कुराहरुको हकमा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान (आर्थिक प्रशासन) नियमावली, २०७७ तथा अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ। साथै यस सम्बन्धी प्रकाशित सूचना पनि यसै प्रस्तावको अभिन्न अंग मानिनेछ।

# मूल्यांकनका आधारहरु

१. फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि
२. व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि
३. सुरक्षा गार्ड सम्बन्धमा श्रम कार्यालय वा क्षेत्रिय प्रशासन कार्यालय वा CDO कार्यालयबाट इजाजत प्राप्त दर्ता प्रमाणपत्रको प्रतिलिपि
४. मूल्य अभिवृद्धि कर (VAT) प्रमाणपत्रको प्रतिलिपि
५. आ.ब.०७७/०७८ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
६. कम्तिमा १ ओटा चार पांग्रे तथा १ ओटा दुई पांग्रे सवारी साधनको व्यवस्था भएको पुष्टि गर्ने कागजातको प्रतिलिपि ।
७. प्रस्ताव फारम खरिद गरेको रु.५०००.०० को भौचरको प्रतिलिपि र प्रस्ताव जमानत बापत प्रस्तावमा उल्लेख गरेको रकम बराबरको बिडबण्ड वा नगद रकम जम्मा गरेको भौचरको प्रतिलिपि ।

# १. प्रस्ताव पेश गर्ने निवेदन

*( प्रस्तावदाताले स्पष्टरूपमा आफ्नो नाम र ठेगाना उल्लेख भएको लेटर प्याडमा यो प्रस्तावको निवेदन तयार गर्नु पर्दछ । )*

मिति : ...

ठेक्का नं. ....

श्री ..................

प्रस्ताव आह्वान नं...

तल हस्ताक्षर गर्ने हामी यो घोषणा गर्दछौं कि :

(क) हामीले प्रस्ताव सम्बन्धी कागजात, पूरक-अंश नं ..... सहित परीक्षण गर्दा त्यसका शर्तमा हाम्रो कुनै आरक्षण रहेको छैन;

(ख) हामी, प्रस्ताव सम्बन्धी कागजात र आवश्यकता सम्बन्धी विवरणमा रहेको डेलिभरी विवरणमा तोकिए बमोजिम, निम्न मालसामान र सम्बद्ध सेवाहरु आपूर्ति गर्न प्रस्ताव गर्दछौं: ...............
......................................................................................;

(ग) तल (घ) मा हामीले प्रस्ताव गरेको छुट बाहेक, हाम्रो जम्मा कबोल मूल्य: ........................
.................................................................................................... हुनेछ;

(घ) हामीले प्रस्ताव गरेको छुट र सोको हिसाब गर्ने तरिका तल दिईए अनुसार हुनेछ:
....................................................................................................
....................................................................................................
....................................................................................................;

(ङ) हाम्रो प्रस्ताब, प्रस्ताब सम्बन्धी कागजात बमोजिम, प्रस्ताव पेश गर्ने अन्तिम मितिदेखि .... दिनको लागि मान्य हुनेछ । यो अबधिसम्म हाम्रो यो प्रस्ताव हामीलाई बन्धनकारी हुनेछ र यो अबधि समाप्त हुनु अगाडी जुनसुकै बेला पनि हाम्रो यो प्रस्तावलाई स्वीकृत गर्न सकिने छ;

(च) हाम्रो प्रस्ताव स्वीकृत भएको अवस्थामा, करार बमोजिमको कार्य-सम्पादन गर्न, करार-मूल्यको ... प्रतिशत कार्य-सम्पादन जमानत पेश गर्न हामी आफ्नो प्रतिबद्धता जाहेर गर्दछौं;

(छ) यो प्रस्ताव प्रकियामा, प्रस्तावदाताको रुपमा हामी ( प्रस्ताव सम्बन्धी कागजातमा उल्लेख भए बमोजिमको बैकल्पिक प्रस्ताव पेश गर्ने बाहेक) एकभन्दा बढी प्रस्तावमा सहभागी भएका छैनौं;

(ज) हाम्रो फर्म र यसको सव-कन्ट्राक्टर वा आपूर्तीकर्ता लगायत यसका सम्बद्ध वा सहायक फर्महरु, करार अन्तर्गतको कुनै पनि अंशको लागि (काम गर्न), नेपाल सरकारबाट अयोग्य घोषित भएका छैनन्;

(झ) यो प्रस्ताब प्रक्रियामा वा करार कार्यान्वयनको लागि, निम्न अनुसारको कमिसन, सेवा शुल्क, वा शुल्क भुक्तानी गरिएको वा गर्नु पर्ने छ:

| **भुक्तानी पाउनेको नाम** | **ठेगाना** | **वापत (कामको विवरण)** | **रकम** |
|---|---|---|---|
| ------------------ | ------------------ | ------------------ | ------------------ |
| ------------------ | ------------------ | ------------------ | ------------------ |

(ञ) तपाईंको ठेक्का प्रदान गर्ने आशयको सूचना अनुसारको लिखित स्विकृति सहित यो प्रस्ताव, औपचारिक करार नभएसम्म र सो करार कार्यान्वयन नभएसम्मको लागि, हामीबीचको बन्धनकारी करार हुनेछ भन्ने हामीलाई थहा छ ।

(ट) तपाईं न्यूनतम् मूल्याङ्कित प्रस्ताव वा तपाँई समक्ष पेश भएको अन्य कुनै पनि बोलपत्र स्वीकार गर्न बाध्य हुनुहुन्न भन्ने हामीलाई थाहा छ ।

(ठ) हामी यो पनि घोषणा गर्दछौं, यो प्रस्ताव प्रकियामा सहभागी हुन हामी अयोग्य छैनौं, प्रस्तावित प्रस्ताव प्रकियामा हाम्रो कुनै स्वार्थ बाझिएको पनि छैन र पेशागत वा व्यवसायिक कसूरमा हामीले कुनै सजाय पाएका पनि छैनौं;

(ड) हाम्रो लेखा, अभिलेख, तथा प्रस्ताव पेश गर्ने सम्बन्धी अन्य कागजातहरु नेपाल सरकार/दातृ पक्ष वा उसको प्रतिनिधिलाई निरीक्षण गर्न दिन, र नेपाल सरकार/दातृपक्षद्वारा नियुक्त लेखा परीक्षकबाट लेखापरीक्षण गराउन मञ्जुर छौं ।

नाम:

पद:

हस्ताक्षर:

प्रस्तावमा ..............................................को तर्फबाट हस्ताक्षर गर्न अधिकार प्राप्त

मिति :

# २. प्रस्तावको विवरण सम्बन्धी फारम

*( प्रस्तावदाताले यो फारम भर्नु पर्नेछ । यो फारममा कुनै पनि परिवर्तन गर्न पाईने छैन र यो फारमको सट्टा आर्को कुनै पनि फारम स्वीकार गरिने छैन । संयुक्त उपक्रम भएको खण्डमा, संयुक्त उपक्रमका प्रत्येक सदस्यले यो फारम छुट्टाछुट्टै भरी, आ-आफ्नो विवरण पेश गर्नु पर्नेछ ।)*

मिति : ... *(गते, महिना, र वर्षको क्रममा, प्रस्ताव पेश गरेको मिति लेख्नुहोस् ।)*

पेज नं. ...(जम्मा पेज संख्याः ...)

| | | |
|---|---|---|
| | प्रस्तावदाताको नामः | |
| | प्रस्तावदाताको ठेगानाः | |
| | प्रस्तावदाताले फर्म/कम्पनी दर्ता गरेको देशः | |
| | प्रस्तावदाताले फर्म/कम्पनी दर्ता गरेको सालः | |
| | प्रस्तावदाताले फर्म/कम्पनी दर्ता गरेको देशको ठेगानाः | |
| | प्रस्तावदाताको आधिकारिक प्रतिनिधिको विवरणः<br>नामः<br>ठेगानाः<br>टेलिफोन/फ्याक्सः<br>इमेलः | |
| | प्रस्तावदाताको टेलिफोन/फ्याक्सः | |
| | प्रस्तावदाताको इमेलः<br>निम्न कागजातहरुको सक्कल बमोजिमको प्रतिलिपि संलग्न गरिएकोछः<br>१. फर्म/कम्पनी दर्ता प्रमाणपत्र<br>२. फर्म/कम्पनीलाई प्रतिनिधित्व गर्ने आधिकारिकताको प्रमाणपत्र | |

# ३. संयुक्त उपक्रमको विवरण सम्बन्धी फारम

| | | |
|---|---|---|
| मूख्य साझेदार | संयुक्त उपक्रमको मूख्य साझेदारको नाम:<br>मूख्य साझेदारको शेयरको हिस्सा:<br>फर्म/कम्पनी दर्ता गरेको स्थान:<br>व्यवसाय दर्ता गरेको स्थान:<br>साझेदारीमा हिस्साको प्रतिशत: | |
| सदस्य | संयुक्त उपक्रमको सदस्यको नाम:<br>साझेदार सदस्यको शेयरको हिस्सा:<br>फर्म/कम्पनी दर्ता गरेको स्थान:<br>व्यवसाय दर्ता गरेको स्थान:<br>साझेदारीमा हिस्साको प्रतिशत: | |
| सदस्य | संयुक्त उपक्रमको सदस्यको नाम:<br>साझेदार सदस्यको शेयरको हिस्सा:<br>फर्म/कम्पनी दर्ता गरेको स्थान:<br>व्यवसाय दर्ता गरेको स्थान:<br>साझेदारीमा हिस्साको प्रतिशत:<br>प्रस्तावमा हस्ताक्षर गर्न आधिकारिकता पाएको साझेदार सदस्यको नाम: | |

# ४. वित्तिय विवरण सम्बन्धी फारम

| वासलात अनुसारको विवरण(Information from Balance Sheet) | |
|---|---|
| जम्मा सम्पति (Total Assets) | |
| जम्मा दायित्व (Total Liabilities) | |
| खुद सम्पति (Net Worth) | |
| चालू सम्पति (Current Assets) | |
| चालू दायित्व (Current Liabilitis) | |
| **आम्दानी-विवरण अनुसार (Information from Income Statement)** | |
| जम्मा आम्दानी (Total Revenue) | |
| कर अधिको नाफा: (Profit Before Taxes) | |
| कर पछिको नाफा: (Profit After Taxes) | |

- देहाय अनुसारको, माथि तोकिए बमोजिम बर्षको, वित्तिय विवरणको (वासलात, सम्बन्धित सम्पूर्ण टिप्पणीहरु, र आम्दानी-विवरण सहित), प्रतिलिपि संलग्न गरिएको छ:
  - वित्तिय विवरण प्रमाणपत्र प्राप्त लेखापरीक्षकद्वारा लेखा परीक्षण गरिएको हुनु पर्दछ
  - वित्तिय विवरणसंग सम्बन्धित सम्पूर्ण लेखा टिप्पणीहरु सहितको पूर्ण वित्तिय विवरण हुनु पर्दछ
  - वित्तिय विवरणहरु समाप्त भएका आर्थिक बर्षको र लेखा परीक्षण गरिएको हुनु पर्दछ -यहाँ आंशिक अबधिको वित्तिय विवरण माग गरिएको होइन र त्यस्ता आंशिक अवधिका वित्तीय विवरण स्वीकार पनि गरिने छैन)।

# ५. औसत बार्षिक कारोबार सम्बन्धी फारम

*यस अन्तर्गत दिईने जानकारी सम्बन्धित बर्ष सेवाग्राहीका चालु कार्य वा सम्पन्न भएका कार्यका लागि जारी भएकाबील अनुसारको रकमको वार्षिका कारोवार नेपाली रुपैंयाँमा हुनु पर्नेछ ।*

| बार्षिक कारोबार (Annual Turnover) | |
|---|---|
| बर्ष | रकम (ने. रु.) |
| | |
| औसत बार्षिक कारोबार (Average Annual Turnover) | |

# ६. वित्तिय स्रोत सम्बन्धी फारम

*यो ठेक्काको लागि आवश्यक सम्पूर्ण नगद-प्रवाह धान्नको लागि प्रस्तावित वित्तिय स्रोतहरु जस्तै - तरल पूँजी, दायित्व रहित वास्तविक सम्पत्ती (Unencumbered real asset), कर्जा-सीमा (Line of credit) लगायत अन्य वित्तिय स्रोतहरु उल्लेख गर्नु पर्नेछ ।)*

| वित्तिय स्रोतहरु | | |
|---|---|---|
| | रकम उपलब्ध हुने स्रोतहरु | रकम (ने. रु.) |
| १ | | |
| २ | | |
| ३ | | |
| | | |

**नोटः** बैंकको पत्र शर्त रहितको हुनु पर्नेछ ।

# सेवा करारका विशेष शर्तहरु

१. ठेकेदारले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले तोकिए बमोजिमको समय र स्थान अनुसार जनशक्ति पठाउनु पर्दछ।

२. सेवा करारमा आएका जनशक्तिले प्रति दिन आठ घण्टा काम गर्नुपर्दछ र ठेकेदारले नेपाल सरकार, श्रम ऐन ले तोकेको न्यूनतम रकम घोषित गरे अनुसार मजदुरहरुलाई पारिश्रमिक तिर्नु पर्छ। आवश्यक भएमा प्रतिष्ठानले दिनको आठ घण्टा भन्दा बढी समय जनशक्तिलाई काम लगाउन सक्दछ ।

३. काम गर्दा धुम्रपान र मदिरापान गर्न पाइने छैन। साथै कानुनले बन्देज गरेका कुनै पनि क्रियाकलाप गर्न पाईने छैन ।

४. सेवा करारमा आएका जनशक्तिले गरेको कुनै पनि अनुशासनहीन कार्य दण्डनीय छ। सेवा करारमा आएका जनशक्तिको लापरवाहीले वा जानी जानी गरिएको कार्यले प्रतिष्ठानलाई हानी नोक्सानी भएमा सो को क्षतिपूर्ति ठेकेदारबाट असुल उपर गरिने छ ।

५. प्रतिष्ठानको प्रशासन शाखाले सेवा करारमा आएका जनशक्तिको उपस्थितिको रेकर्ड राख्नेछ।

६. ठेकेदारले सेवा करारमा जनशक्ति पठाउँदा शारीरिक र मानसिक रुपमा राम्रो भएका र नेपालको विद्यमान श्रम ऐनले तोकेको उमेर मापदण्ड पूरा गरेको हुनु पर्दछ।

७. ठेकेदारहरूले कामका लागि कार्यरत जनशक्तिको नेपाली नागरिकता र आवश्यक योग्यता तथा अनुभवका कागजातको प्रमाणित प्रतिलिपि समेत पेश गर्नुपर्नेछ। सेवा करारका जनशक्तिको उमेरसँग सम्बन्धित कुनै पनि विवादको समाधान जनशक्तिबाट प्राप्त प्रमाणित कागजातहरूको आधारमा गरिनेछ।

८. ठेकेदारले कामको इजाजत पत्र नेपालको विद्यमान श्रम ऐन र नियम बमोजिम लिएको हुनुपर्छ।

९. ठेकेदारले सुरक्षा गार्ड, माली, कार्यालय सहयोगी को तलब सुबिधा बाहेक नेपाल सरकारले तोके बमोजिकको प्रत्येक कामदार को सामाजिक सुरक्षा कोषमा रकम जम्मा गरेको विवरण मासिक रुपमा पेश गर्नु पर्नेछ । सो विवरण पेश नगरेमा प्रतिष्ठानले सामाजिक सुरक्षा कोष बापतको रकम उपलब्ध गराउने छैन ।

१०. अन्य सेवा शर्तहरुको हकमा प्रचलित कानुन अनुसार हुनेछ ।

११. यदि जनशक्ति र ठेकेदार बीच कुनै विवाद उत्पन्न भयो भने, ज्यालाका शर्तमा, क्षतिपूर्ति आदि विवाद सुल्झाउनको लागि ठेकेदार जिम्मेवार हुनुपर्छ ।

# मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान

## हेटौंडा

## सेवा करारको लागि प्रस्तावित मूल्य (Package A)

| सि.नं. | जनशक्ति | संख्या | ईकाई | परिमाण | दर अङ्कमा | दर अक्षरमा | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | स्वीपर (हेल्पर) | ४८ | दिन | ३६५ | | | |
| २ | माली | ४ | दिन | ३६५ | | | |
| जम्मा | | | | | | | |
| | | | | | | | |
| Festival Allowance | | | | | | | |
| Social Security (10%) | | | | | | | |
| Overhead Cost | | | | | | | |
| **Total Amount without VAT** | | | | | | | |
| VAT 13% | | | | | | | |
| **GRAND TOTAL** | | | | | | | |

फर्म वा कम्पनीको नाम:-

अख्तियारवाला व्यक्ति वा प्रतिनिधि को नाम :-

हस्ताक्षर: -

छाप:-

# मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान

## हेटौंडा

### सेवा करारको लागि प्रस्तावित मूल्य (Package B)

| सि.नं. | जनशक्ति | संख्या | ईकाई | परिमाण | दर (अङ्कमा) | दर (अक्षरमा) | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | सेक्युरिटी गार्ड | ३७ | दिन | ३६५ | | | |
| जम्मा | | | | | | | |
| Festival Allowance | | | | | | | |
| Social Security (10%) | | | | | | | |
| Overhead Cost | | | | | | | |
| **Total Amount without VAT** | | | | | | | |
| VAT 13% | | | | | | | |
| **GRAND TOTAL** | | | | | | | |

(जम्मा रकम अक्षरमा:......................................................................................................................................................................................................................................................................)

### सेक्युरिटी गार्डको सम्बन्धमा विशेष योग्यता:

१. प्रस्तावक श्रमिक आपूर्तिकर्ता कम्पनीले चौविसै घण्टा आवश्यक मात्रामा सुपरिवेक्षण भ्रमण गनुपर्ने भएको हुदाँ कम्पनी संग आफ्नै सवारी साधन हुन आवश्यक हुन्छ । अत: सो सम्बन्धमा सस्थाको आफ्नै नाममा १ वटा चार पाङ्ग्रे र १ वटा दुई पाङ्ग्रे सवारी साधन भएको प्रमाण पेश गर्नुपर्नेछ।

२. सूरक्षा सप्लाई गरिने जनशक्ति सुरक्षा सम्बन्धि प्रविधि र उपकरण चलाउन सक्षम हुनुपर्नेछ।

३. सुरक्षा सम्बन्धि Tracking Device को सेवा यसै प्याकेज भित्र समावेस हुनुपर्नेछ।

फर्म वा कम्पनीको नाम:-

अख्तियारवाला व्यक्ति वा प्रतिनिधि को नाम :-

हस्ताक्षर: -

छाप:-

माथि मैले दिएको र भरेको व्यहोरा ठीक साँचो छ । उक्त व्यहोरा फरक परेमा प्रचलित कानुन बमोजिम सजायको भागी हुन मेरो/हाम्रो सहमति भएको व्यहोरा अनुरोध गर्दछु ।

निवेदकको पुरा नाम, थर:

हस्ताक्षर:

अस्थायी ठेगाना:

फोन नं.

फ्याक्स:

निवेदकको फर्म/कम्पनिको नाम:

स्थायी ठेगाना:

फोन नं.

फ्याक्स:

फर्म/कम्पनीको छाप:

## कार्य गर्नुपर्ने क्षेत्रहरु:

१. प्रतिष्ठान केन्द्रिय कार्यालय को सम्पुर्ण भवन तथा अन्य क्षेत्र हरु;
२. प्रतिष्ठान अन्तर्गत हेटौडा अस्पतालको सम्पुर्ण भवन तथा अन्य क्षेत्र हरु;
३. प्रतिष्ठान अन्तर्गत नलेज भिलेज को सम्पुर्ण भवन तथा अन्य क्षेत्र हरु;
४. प्रतिष्ठान अन्तर्गत रिर्सच सेन्टर को सम्पुर्ण भवन तथा अन्य क्षेत्र हरु;
५. प्रतिष्ठान अन्तर्गत गौरिटारको सम्पुर्ण भवन तथा अन्य क्षेत्र हरु;

मिति:............................

श्री ..............................

..................................

बिषय: स्वघोषणा बारे।

प्रस्तुत विषयमा हामी यो पनि घोषणा गर्दछौ, यो प्रस्ताब प्रक्रियामा सहभागी हुन हामी अयोग्य छैनौ, प्रस्तावित प्रस्ताब प्रक्रियामा हाम्रो कुनै स्वार्थ बाझिएको पनि छैन र पेशागत वा व्यावसायिक कसुरमा हामीले कुनै सजाय पाएका पनि छैनौ।

फर्मको नाम:

दस्तखत :

प्रोप्राईटरको वा प्रतिनिधिको नाम थर :

ठेगाना: